नेपाली महावाणिज्यदूतावास
डालस
**Consulate General of Nepal**
**Dallas**

## नयाँ राहदानी प्रणालीमार्फत् सेवा सुरु गरिएको सम्बन्धी सूचना ।

राहदानी विभागले सञ्चालनमा ल्याएको नयाँ प्रणालीमार्फत यस महावाणिज्यदूतावासबाट हिजो १५ जुलाई २०२६ देखि राहदानी सेवा सुरु गरिएको ब्यहोरा सम्पूर्णमा जानकारी गराउँदछौं ।

नयाँ प्रणालीको स्थिरीकरण अवधि (Stabilization Period) तीन महिनासम्म रहने भएकाले प्रारम्भिक चरणमा केही प्राविधिक चुनौतीहरू देखा पर्न सक्ने सम्भावना रहेको राहदानी विभागले जानकारी गराएको छ । तसर्थ, यस अवधिमा राहदानी अत्यावश्यक भएका सेवाग्राहीहरू (जस्तै, राहदानीको म्याद समाप्त भएका, राहदानी हराएका वा विभिन्न निकायमा तुरुन्तै राहदानी पेस गर्नुपर्ने भई राहदानीको म्याद कम भएका कारण समस्या परेका लगायत) ले मात्र आवेदन दिनुहुन अनुरोध गर्दछौं।

राहदानी आवेदन फाराम देहायको लिंकमा क्लिक गरी भर्न सकिने छः

https://online.nepalpassport.gov.np/

राहदानी आवेदनका लागि अनलाइन फाराम भर्नेसम्बन्धी जानकारी एवं अन्य सम्बन्धित विवरण यस महावाणिज्यदूतावासको वेवसाइट लिंक https://dls.nepalconsulate.gov.np/pages/passport-१/ मा राखिएको छ । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा महावाणिज्यदूतावासको इमेल info@nepalconsulatedallas.org वा टेलिफोन नम्बर +1 972 803 5394 मा सम्पर्क गर्न सकिने छ ।

राहदानी आवेदन प्रक्रिया लगायत राहदानीसम्बन्धी विविध विषयमा राहदानी विभागको वेबसाइट https://nepalpassport.gov.np/ मार्फत समेत थप जानकारी प्राप्त गर्न सकिने ब्यहोरा अनुरोध गरिन्छ ।

राहदानी सेवा सहजरूपमा सुचारु गर्न यस महावाणिज्यदूतावासबाट आवश्यक प्रयास एवं समन्वय निरन्तर गरिने जानकारी गराउँदै यस क्रममा यहाँहरूको धैर्य एवं समझदारीका लागि हार्दिक अनुरोध गर्दछौं ।

———

**नेपाली महावाणिज्यदूतावास**
**डालस ।**
१६ जुलाई २०२६